बैठक मितिः २०८१/०८/०५

बैठक सङ्ख्याः १५

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.न. १२६ मिति २०८१।०५।२४ को पत्रसाथ प्राप्त प्रस्ताव मदन भण्डारी राजमार्गको ब.उ.शि.नं.३३७०११०८ अन्तर्गत घोराही-तुल्सीपुर (२१.५८ कि.मि.) सडक खण्डलाई ४ लेन विस्तार तथा स्तरोन्नति कार्य गर्न रु. ३ अर्ब ९९ करोड ४९ लाख बरावरको बहुबर्षीय ठेक्का स्रोत सहमति सम्वन्धमा आयोगको बैठक संख्या १२ मिति २०८१/०७/०८ को निर्णयानुसार अर्थ मन्त्रालयमा स्रोत सहमतिका लागि लेखी पठाइएकोमा हाल आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ नेपाल सरकार (मं.प.) बाट स्वीकृत भई मिति २०८१।०७।०८ को नेपाल राजपत्रमा प्रकाशन समेत भई कार्यान्वयनमा गइसकेको अवस्थामा सोही आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ बमोजिम आयोगको निर्णय पठाउन अर्थ मन्त्रालयको च.नं. ३३५ मिति २०८१।०७।२६ को पत्रबाट लेखि आएकोले उल्लेखित आयोजनाको बहुवर्षीय ठेक्काको स्रोत सहमति सम्वन्धमा अन्य कुनै बिषयहरु परिवर्तन नभएकाले सोही पेश भएका कागजातहरुका आधारमा आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) बमोजिम अर्थ मन्त्रालयमा पुनःसिफारिश गरी पठाउने।

२. उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.सं. ०८१/८२ (वि। तथा ऊ। नी। शाखा), च.नं ४३१ मिति २०८१/०७/१४ को पत्रबाट प्राप्त "ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८०" को प्रतिवेदन सम्बन्धमा सहमति प्रदान गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त राष्ट्रिय आपूर्ति नीति, २०८१ मा छलफल हुँदा महाशाखाबाट प्राप्त सुझाव तथा आयोग बैठकमा उठेका विषयवस्तुहरू समावेश गरी राय पठाउने निर्णय गरियो।